# उच्च अदालत पाटन, हेटौडा इजलासको

# सूचना

प्रकाशित मितिः २०८२।०४।१९

**विषयः- मेलमिलापकर्ताको सूची अद्यावधिक गर्ने तथा मेलमिलाप कर्ताकोरुपमा सूचिकृत हुने सम्बन्धमा ।**

यस अदालतमा मेलमिलापकर्ताको रुपमा आफ्नो नाम अद्यावधिक गराउन चाहने सुचीकृत मेलमिलापकर्ता र मेलमिलापकर्ताको रुपमा आफ्नो नाम यस अदालतमा सूचीकृत गराउन चाहने व्यक्तिले मेलमिलाप सम्बन्धी आभारभूत तालिम लिई मेलमिलाप परिषदबाट प्रमाणपत्र प्राप्त गरी म्याद कायम रहेको मेलमिलापकर्ताले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र यस अदालतको प्रशासन शाखामा निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

अद्यावधिक तथा सूचीकृतको निवेदन फारम यस अदालतको प्रशासन शाखामा सम्पर्कराखी प्राप्त गर्न सकिने छ।

<u>सूचीकृत हुन निवेदन साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरु:</u>

१.मेलमिलाप परिषदबाट जारी भएको मेलमिलापकर्ताको प्रमाणपत्रको प्रतिलिपि,

२.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

३.शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

४.मेलमिलापसम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपि,

५.मेलमिलापसम्बन्धी कार्य गर्ने संस्थाको हकमा दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपी, संस्थाको नियमावली ,मेलमिलापसम्बन्धी कार्य गर्न दिइएको स्वीकृतिको प्रतिलिपि,

६.व्यक्ति भए मेलमिलापकर्ताको पासपोर्ट साइजको फोटो-२